# नेपालका संरक्षित क्षेत्रहरूको दिगो व्यवस्थापनका लागि सम्भावित विकल्प

■ जैलबकुमार राई*

## पृष्ठभूमि

विश्वमा संरक्षित क्षेत्र घोषणा गरी व्यवस्थापन गर्न थालेको डेढ सय वर्ष लामो इतिहास छ। सन् १८७२ मा अमेरिकाले घोषणा गरेको एल्लोस्टोन राष्टिय निकुञ्ज नै राज्यले व्यवस्थापन गर्न थालेको विश्वको पहिलो संरक्षित क्षेत्र हो (West et al. 2006; Pimbert and Pretty 1995)। एल्लोस्टोन राष्ट्रिय निकुञ्ज घोषणा भएको एक सय वर्षपछि नेपालमा पनि तत्कालीन सरकारले चितवन राष्ट्रिय निकुञ्जलाई संरक्षित क्षेत्रका रूपमा घोषणा गरेको थियो र यही राष्ट्रिय निकुञ्ज नेपालको पहिलो संरक्षित क्षेत्र हो। यसरी राज्यले नै घोषणा गरी व्यवस्थापन तथा संरक्षण गर्दै आएको क्षेत्रलाई आधुनिक संरक्षित क्षेत्र भन्ने गरिएको छ (West et al. 2006; and Pimber and Pretty 1995)।

विश्वमा आधुनिक संरक्षित क्षेत्रको आकार क्रमिक रूपमा बढ्दै छ। आईयूसीएन (IUCN)को पछिल्लो तथ्यांकअनुसार विश्वमा १ लाख ४७ हजारभन्दा बढी आधुनिक संरक्षित क्षेत्रहरू घोषणा भइसकेका छन्। यी क्षेत्रहरूले पृथ्वीको कुल भूभागको करिब १३ प्रतिशतभन्दा बढी क्षेत्र ओगटेका छन् (West et al. 2006)। नेपालमा पनि हालसम्म २० वटा संरक्षित क्षेत्रहरू घोषणा भइसकेका छन्। यी क्षेत्रहरूले देशको कुल भूभागको २३ प्रतिशतभन्दा बढी क्षेत्रफल ओगटेका छन्।

यसरी राज्यले घोषणा गरी संरक्षण तथा व्यवस्थापन गर्ने कामबाट सुरुवात भएको संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनका विषयमा धेरै बहस, छलफल तथा अन्तर्क्रिया भएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका यी बहस, छलफल तथा अन्तर्क्रियाहरूमा आधुनिक संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनको प्रशस्तै आलोचना हुन थालेको छ (Balasinorwala et al. 2004; Borrini-Feyerabend et al. 2010)। जसमध्ये आदिवासी तथा जनजातिहरूको परम्परागत जीविकोपार्जनको अधिकार तथा उनीहरूको परम्परागत संरक्षणसम्बन्धी ज्ञान, अनुभव तथा अभ्यासहरूको विषय प्रमुख बन्न थालेको छ। परिणामस्वरूप संरक्षित क्षेत्रहरूको वास्तविक संरक्षक तथा व्यवस्थापक त्यहाँका आदिवासी जनजातिहरू नै हुन् भन्ने विषयलाई विश्वसमाजले स्वीकार गर्नुपर्ने अवस्था आएको छ (Borrini-Feyerabend et al. 2010; IUCN/CESP 2008)।

नेपालका आधुनिक संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनका विषयमा पनि क्रमिक रूपमा आलोचना बढ्दै छन्। संरक्षणको काममा आदिवासी जनजातिहरूको भूमिका तथा योगदान, संरक्षण तथा व्यवस्थापनको काममा उनीहरूसँग भएको परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूका बारेमा छलफल तथा बहसहरू बढ्दै गएका छन् (Jana and Paudel 2010; Rai 2011)। यस लेखमा आदिवासी जनजाति तथा स्थानीय समुदायसँग जैविक विविधताको संरक्षण तथा व्यवस्थापनका बारेमा भएका परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूलाई नेपालका संरक्षित क्षेत्रहरूको दीर्घकालीन संरक्षण तथा व्यवस्थापनको एक विकल्पका रूपमा चर्चा गर्ने प्रयास गरिएको छ।

## परम्परागत संरक्षणका अभ्यासहरूबारे बहस

### विश्व सन्दर्भ

आधुनिक संरक्षण तथा व्यवस्थापनका पद्धतिहरूले आदिवासी तथा स्थानीय समुदायहरूको परम्परागत ज्ञान, अनुभव तथा अभ्यासहरूको पहिचान तथा सम्मान गर्न

नसकेको विषयले बहसमा ठाउँ पाउँदै गएको छ ( UNEP/CBD 2008; Pathak et al. 2004; Kothari 2006; IUCN/CEESP 2008; Borrini-Feyerabend et al. 2010) । यसकारण संरक्षित क्षेत्रहरूको दीर्घकालीन संरक्षण तथा व्यवस्थापनका लागि आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको पहिचान तथा सशक्तीकरण अपरिहार्य छ । यस विषयमा विश्वका संरक्षणविद्हरू प्रायः एकमत हुँदै आएका छन् । यससम्बन्धमा केही अन्तर्राष्ट्रिय सन्दर्भहरू महत्वपूर्ण छन् ।

**तालिका १ : परम्परागत संरक्षणका केही घटना तथा निर्णय**

| मिति | विषय/घटना | व्याख्या/प्रावधान/निर्णय |
|---|---|---|
| सन् १९८९ | संयुक्त राष्टसंघको अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि नं. १६९ (ILO 169) | आदिवासी जनजातिहरूको भूमि तथा अन्य प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकारको पहिचान, पूर्व सुसूचित सहमति र कुनै विनाश भएमा क्षतिपूर्ति पाउने अधिकारको कानुनी सुनिश्चितता (अनुच्छेद १४ र १५) |
| सन् १९९२ | जैविक विविधतासम्बन्धी महासन्धि (CBD 1992) | आदिवासी तथा स्थानीय समुदायहरूको जैविक विविधतालाई संरक्षण तथा व्यवस्थापन गर्ने सांस्कृतिक, परम्परागत ज्ञान, अनुभव तथा अभ्यासहरूलाई सम्मान, संरक्षणको काममा उनीहरूको सहभागिता सुनिश्चित तथा प्राप्त लाभको उपभोग वा पहुँच हुनुपर्ने अधिकारको व्यवस्था (अनुच्छेद ८ (J) र १० को ८) |
| सन् १९९४ | संरक्षित क्षेत्रको व्यवस्थापन तथा शासनका विषयमा आयूसीएनको साधारणसभामा बहसको सुरुवात | संरक्षित क्षेत्रको मार्गदर्शनका लागि यसको परिभाषा तथा व्यवस्थापनका विभिन्न तहहरूको बारेमा भएका छलफलहरूले आदिवासी तथा स्थानीय समुदायद्वारा संरक्षित क्षेत्रहरू संरक्षण तथा व्यवस्थापनको तह हुन सक्ने बहस सुरुवात |
| सन् २००३ | पाँचौं वर्डपार्क कांग्रेस (5th WPC 2003) | यस अन्तर्राष्ट्रिय भेलामा सहभागीहरूबाट संरक्षित क्षेत्रको व्यवस्थापनमा आदिवासी तथा स्थानीय समुदायहरूलाई वास्तविक परम्परागत संरक्षकका रूपमा स्वीकार गर्दै उनीहरूलाई नै संरक्षित क्षेत्रको व्यवस्थापनमा पहिचान तथा मान्यता दिनुपर्ने सहमति |
| सन् २००४ | जैविक विविधता महासन्धिका बारे भएको अन्तर्राष्ट्रिय गोष्ठी | संरक्षित क्षेत्रको विस्तारित कार्यनीतिमा आदिवासी तथा स्थानीय समुदायहरूले परम्परागत वा कुनै न कुनै रूपमा संरक्षण, व्यवस्थापन तथा उपयोग गर्दै आएका क्षेत्रहरूको पहिचान र त्यसलाई विधिवत् रूपमा वैधानिक गर्न सहमति |
| सन् २००७ | संयुक्त राष्ट्रसंघ महासभाले पारित गरेको आदिवासीहरूको अधिकारसम्बन्धी महासन्धि (UNDRIP 2007) | आदिवासी समुदायहरूको परम्परागत प्राकृतिक स्रोत, जस्तै : भूमि, जल, समुद्री तटजस्ता क्षेत्रहरूको उपयोग, व्यवस्थापन तथा संरक्षण गर्ने उत्तरदायित्व र अधिकार रहने व्यवस्था ( अनुच्छेद नं. २५ र २६) |
| सन् २००८ | आईयूसीएन को संरक्षित क्षेत्रको तहगत विभाजन | आईयूसीएनको साधारणसभाले संरक्षित क्षेत्रको मार्गदर्शनमार्फत यसको परिभाषामा परम्परागत व्यवस्थापन पद्धतिलाई मान्यता दिँदै चारवटा व्यवस्थापन पद्धतिमध्ये आदिवासी तथा स्थानीय समुदायले संरक्षण गरिरहेको क्षेत्रलाई एक व्यवस्थापन पद्धतिको रूपमा उल्लेख |

| मिति | विषय/घटना | व्याख्या/प्रावधान/निर्णय |
|---|---|---|
| २००८ | आईसीसीएको अन्तराष्ट्रिय सञ्जाल गठन (International ICCA Consortium) | आदिवासी तथा स्थानीय समुदायद्वारा संरक्षित क्षेत्रहरूको बहस, छलफल, एकीकृत कार्ययोजना, सशक्तीकरणजस्ता कार्यक्रमहरूका लागि अन्तर्राष्ट्रिय सञ्जाल स्थापना |

***स्रोत : ILO 1998; CBD 1992; UNDRIP 2007; Dudely 2008; Jana et al. 2010; Rai 2011.***

उल्लिखित घटनाहरूले आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको जैविक विविधतालाई संरक्षण गर्ने परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूको कानुनी अधिकार तथा नीतिगत व्यवस्थाहरूको आधार क्रमिक रूपमा भइरहेका घटनाक्रमहरूलाई सिलसिलेबार रूपमा देखाएको छ। एकपछि अर्को गर्दै अन्तर्राष्ट्रिय स्तरमा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन तथा उपयोगको खास कर्ता भनेको आदिवासी जनजाति तथा स्थानीय समुदाय नै भएको कुराको औपचारिक मान्यता तथा पहिचान हुनु आधुनिक संरक्षित क्षेत्रहरूको संरक्षणमा आएको महत्वपूर्ण परिवर्तन हो। हालसम्म वैधानिक रूपमा पहिचान नभएका तर कुनै न कुनै रूपमा स्थानीय स्तरमा रहेका प्राकृतिक तथा जैविक विविधताको संरक्षण गरिरहेका समुदायहरूको योगदान तथा भूमिकाका कानुनी तथा नीतिगत आधारहरू बलियो बन्दै गएका छन्। यसकारण यी परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूको पहिचान तथा सशक्तीकरणका लागि अब के-कस्ता नीतिगत पहल गरिनु उचित हुन्छ ? यस विषयमा बहस हुन अत्यावश्यक छ।

## स्वदेशको सन्दर्भमा

नेपालमा आदिवासी जनजाति र स्थानीय समुदायले गरेका संरक्षणको काममा परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूबारे नीतिगत बहस हुन थालेको छ। आदिवासी जनजाति तथा स्थानीय समुदायहरूले युगौंयुगदेखि परम्परागत ज्ञान, सीप तथा अभ्यासहरूका माध्यमबाट प्रकृति तथा जैविक विविधताको संरक्षण गर्दै आएका छन् तर उनीहरूका यस्ता अभ्यास तथा अनुभवहरूलाई स्पष्ट पहिचानसहितको मान्यता दिने स्पष्ट नीतिगत तथा कानुनी व्यवस्था भने अझै हुन सकेको छैन। यद्यपि, विश्वमा भएका विभिन्न महासन्धि तथा अभिसन्धिहरूका साथै नेपाल सरकारले पनि पक्ष राष्ट्र भई केही महासन्धि तथा अभिसन्धिहरूको अनुमोदन गरेपछि भने यसको अन्तर्राष्ट्रिय आधार बलियो बन्दै गएको छ (Jana and Paudel 2010; Paudel and Jana 2009; Rai 2011)। त्यस्तै गरी अन्य केही विषयगत तथा क्षेत्रगत नीति, नियम तथा कानुनहरूले पनि संरक्षित क्षेत्र, प्राकृतिक स्रोत, जैविक विविधताको संरक्षण व्यवस्थापनमा आदिवासी जनजाति र स्थानीय समुदायहरूको सहभागिता अधिकारको कानुनी प्रावधान प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गर्दै आएका छन्।

**तालिका २ : परम्परागत संरक्षणमा नेपालमा भएका केही निर्णयहरू**

| मिति | विषय/घटना | व्याख्या/प्रावधान/निर्णयहरू |
|---|---|---|
| सन् ११९२ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको चौथो संशोधन | राष्ट्रिय निकुञ्जभित्र संरक्षण क्षेत्र एक व्यवस्थापनको तहका रूपमा रहने र यस्तो क्षेत्रको व्यवस्थापन स्थानीय समुदायको सहभागितामा गरिने व्यवस्था |
| सन् १९९३ | वन ऐन | स्थानीय समुदाय (जो वनक्षेत्रका वरिपरि बसेका छन् र सामूहिक रूपमा स्थानीय वनक्षेत्रमा भएको स्रोतको उपभोग, व्यवस्थापन तथा संरक्षण गर्दै आएका छन्) लाई उपभोक्ताको रूपमा स्वीकार गर्दै उक्त समुदाय सम्बन्धित वनक्षेत्रको व्यवस्थापनका लागि स्वतन्त्र तथा स्वशासित अंगको रूपमा रहने |

| मिति | विषय/घटना | व्याख्या/प्रावधान/निर्णयहरू |
|---|---|---|
| सन् १९९६ | संरक्षित क्षेत्र व्यस्थापन नियमावली | संरक्षित क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई गाउँस्तरीय संरक्षण क्षेत्र व्यवस्थापन समिति निर्माण गरी राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) सँग संयुक्त रूपमा व्यवस्थापन गर्ने (यो नियमावली खासगरी अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्था गर्न तयार गरिएको हो) व्यवस्था |
| सन् १९९६ | मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली | संरक्षित क्षेत्रवरपरका समुदायलाई संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सहभागी गराउन समुदायमा आधारित तीन तहमा (घरधुरी, गाउँ समिति र व्यवस्थापन परिषद्का) व्यवस्थापन समिति गठन गरी यसैको माध्यमबाट उक्त क्षेत्रको व्यवस्थापन गरिने कुराको व्यवस्था |
| सन् २००२ | नेपाल जैविक विविधता रणनीति | जैविक विविधताको संरक्षणलाई स्थानीय समुदायको जीविकोपार्जन, उनीहरूको आर्थिक विकास, मानव स्वास्थ्य, आदिवासी जनजातिहरूको मौलिक तथा परम्परागत ज्ञानको संरक्षण, सांस्कृतिक मूल्य मान्यताको संरक्षणजस्ता कुराहरूसँग जोड्दै उनीहरूको सहभागितासहितको व्यवस्थापनलाई मान्यता दिएको |
| सन् २००३ | राष्ट्रिय सिमसार नीति | देशमा भएका सिमसार क्षेत्रहरूको प्रभावकारी संरक्षण तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागितालाई उल्लेख गर्दै यी क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय समुदायको संरक्षणसम्बन्धी परम्परागत ज्ञान, अनुभव र अभ्यासहरूलाई पत्ता लगाई ती ज्ञानहरूलाई बलियो बनाउने उद्देश्य |
| सन् २००५ | कञ्जनजंगा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली | कञ्चनजंगा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने उत्तरदायित्व स्थानीय समुदायद्वारा गठन भएको संरक्षण क्षेत्र व्यवस्थापन परिषद् (CAMC) लाई हस्तान्तरण गर्ने व्यवस्था |

***स्रोतः MoFSC, 1973, 1992, 1993, 1996, 2002, 2003, 2005, Jana et al. 2010; Rai 2011.***

आधुनिक संरक्षित क्षेत्रको स्थापनाकालमा आदिवासी जनजाति तथा स्थानीय समुदायहरूलाई संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापनका क्रियाकलापहरूमा सहभागी गराउनुपर्ने कानुनी आधार बनेको थिएन तर आधुनिक संरक्षित क्षेत्रहरूको मान्यतामा बिस्तारै परिवर्तन हुँदै आएको छ । हाल कानुनी तथा नीतिगत हिसाबले नेपालमा पनि संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको भूमिका रहनुपर्ने कुराका थुप्रै आधारहरू बनिसकेको कुरा माथि उल्लिखित तालिकाले बताउँछ ।

## आईसीसीए तथा यसका बारेमा बहस

विश्वका संरक्षित क्षेत्रहरूमध्ये ८५ प्रतिशतभन्दा बढी भूभागमा आदिवासी जनजातिहरू रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् (West et al. 2006) । यस तथ्यांकले आदिवासी जनजातिहरू संरक्षणविरोधी हुन् वा संरक्षण गर्न नजान्ने समुदाय हुन् भन्ने प्रश्न जन्माएको छ तर अध्ययनहरूले के पुष्टि गरिसकेका छन् भने आदिवासी जनजातिहरूले युगौंयुगदेखि प्राकृतिक स्रोत तथा जैविक विविधताहरूको प्रभावकारी संरक्षण गर्दै

आएका छन् । आधुनिक संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनका पद्धतिहरूले आदिवासी जनजातिहरूको संरक्षण गर्ने परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूको पहिचान तथा सम्मान गर्न नसकेको र उनीहरूको परम्परागत जीविकोपार्जनको अधिकारसमेत संकटमा पार्दै लगेको विभिन्न घटनाहरूले पुष्टि गर्दै आएका छन् (Borrini-Feyerabend et al. 2010; IUCN/CEESP 2008; Kothari 2006; Marrie 2004) ।

यही पृष्ठभूमिमा आईयूसीएनले सन् २००८ मा विश्वका संरक्षित क्षेत्रहरूको बृहत् अध्ययन गरी संरक्षित क्षेत्रहरूको व्यवस्थापनका तहहरूको निर्देशिका तयार गरी सार्वजनिक गरेको हो । निर्देशिकाले संरक्षित क्षेत्र व्यवस्थापनका चारवटा तहमध्ये आदिवासी जनजाति तथा स्थानीय समुदायहरूद्वारा संरक्षित क्षेत्रहरूलाई एउटा तहको रूपमा उल्लेख गऱ्यो । योजस्ता अन्य घटनाक्रमहरूले आदिवासी जनजाति तथा स्थानीय समुदायद्वारा संरक्षित क्षेत्र (Indigenous Community Conserved Areas-ICCA अबदेखि आईसीसीए मात्र) भन्ने अवधारणाको विकास गराए (IUCN/CEESP 2008; Dudely 2008) ।

आईसीसीए भन्नाले साधारणतया यस्तो प्राकृतिक क्षेत्र हो जहाँ प्राकृतिक स्रोत तथा जैविक विविधताहरूको संरक्षण र व्यवस्थापन स्थानीय आदिवासी तथा समुदायहरूले परम्परादेखि आफ्नो सांस्कृतिक मूल्यमान्यता, परम्परागत ज्ञान, सीप तथा अभ्यासका माध्यमबाट स्वेच्छिक रूपमा गर्दै आएका हुन्छन् । उदाहरणका रूपमा आदिवासी जनजातिहरूले संरक्षण गर्दै आएका भू तथा जलक्षेत्र, धार्मिक तथा सांस्कृतिक क्षेत्र, नदी तथा समुद्री किनार र तटलाई लिन सकिन्छ । आईयूसीएनका अनुसार आईसीसीए भनेको यस्तो संरक्षित क्षेत्र हो जहाँ प्रकृति र जैविक विविधताको व्यवस्थापनको अधिकार र जिम्मेवारी आदिवासी र स्थानीय समुदायको रहन्छ । जो विभिन्न प्रकारका प्रचलन वा कानुन एवं औपचारिक वा अनौपचारिक संस्थाहरूद्वारा क्रियाशील हुन्छन् ( IUCN/CEESP 2008; Dudely 2008) ।

आदिवासी तथा स्थानीय समुदायहरूद्वारा संरक्षण तथा व्यवस्थापन गरिएका सबै क्षेत्र आईसीसीए नहुन पनि सक्छन् । आईसीसीए हुनका लागि निम्न तीन विशेषता हुनु आवश्यक छ (IUCN/CEESP 2008; Dudely 2008) :

१) एक निश्चित समुदाय जसको एक निश्चित भूभाग छ; त्यहाँ भएको प्रकृति, जैविक विविधता र पारिस्थितिकीय प्रणालीसँग निकट तथा गहिरो सम्बन्ध राख्छ; र जुन सम्बन्ध स्थानीय संस्कृति, पहिचानको अनुभूति वा जीविकोपार्जनका लागि आश्रित र सक्षमतासँग गाँसिएको हुन्छ ।

२) निश्चित समुदाय, जसले आफूवरपर रहेको प्रकृति, जैविक विविधता तथा पारिस्थितिकीय प्रणाली व्यवस्थापनका बारेमा आफ्नो निर्णय लागू गर्छन् । उनीहरूका परम्परागत संस्थाहरूका आधारमा कानुनी अधिकार प्राप्त गर्दै आएका हुन्छन् । सरोकारवालाहरूसँगको सम्बन्ध सहकर्मीका रूपमा स्थापित भएको हुन्छ र सम्पूर्ण निर्णय तथा व्यवस्थापन गर्ने अधिकार भने उक्त समुदायसँग नै रहन्छ ।

३) निश्चित समुदायको व्यवस्थापनसम्बन्धी सम्पूर्ण निर्णय तथा प्रयासहरू त्यहाँ भएका जीव, जैविक विविधता, जैविक भ्रुणहरू, पारिस्थितिक प्रकार्य वा लाभ र सम्बन्धित सांस्कृतिक मूल्यजस्ता कुराहरू संरक्षणउन्मुख हुन्छन् । जब कि व्यवहारमा प्रत्यक्ष वा सोझो उद्देश्य भनेको संरक्षण नभएर अरू नै जस्तो (जस्तै : जीविकोपार्जन, सुरक्षा, धार्मिक भक्तिभाव, सांस्कृतिक तथा आध्यात्मिक क्षेत्रको रक्षा गर्नु) हुन्छ ।

यी विशेषताहरूको आधारमा हेर्दा आईसीसीए भनेको प्रकृति र जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्ने उत्तम एकाइ तथा प्रक्रिया हो । कुनै पनि संरक्षित क्षेत्रको राम्रो व्यवस्थापन गर्नका लागि यिनीहरूको भूमिका महत्वपूर्ण हुन्छ । आईसीसीएका परम्परागत मूल्य तथा मान्यताहरूका आधारहरू निम्नअनुसार छन् :

- पहिलो : प्राकृतिक तथा जैविक विविधताको संरक्षण एकदम कडाइका साथ गरेको हुन्छ ।
- दोस्रो : प्राकृतिक पर्यावरण तथा प्राकृतिक भूक्षेत्रको संरक्षण गरिरहेको हुन्छ ।
- तेस्रो : निश्चित प्रकृति तथा विशेषता भएको भूक्षेत्रको संरक्षण गरिरहेको हुन्छ ।
- चौथो : जैविक विविधता तथा यिनीहरूको उपयोगको प्रणालीलाई संरक्षण गरिरहेको हुन्छ ।

- पाँचौं : ठूलाठूला भू तथा जलक्षेत्रहरूको संरक्षण गरिरहेको हुन्छ ।
- छैटौं : दीर्घकालीन तथा जैविक विविधताको अनुकूल हुने गरी स्रोतको उपयोग गरिरहेको हुन्छ ।

आईसीसीएहरू अस्तित्वमा रहिरहनुका पछाडि केही प्रमुख कारणहरू भएको विभिन्न अध्ययनहरूले देखाएका छन् । जसमा वातावरणीय उत्पादन र प्रक्रियासँग गाँसिएको आध्यात्मिक तथा धार्मिक मान्यता, सांस्कृतिक पहिचान, राजनीतिक, आर्थिक तथा सांस्कृतिक स्वशासन रहेका छन् । यद्यपि आईसीसीएहरू बाह्य तथा आन्तरिक दुवै प्रकारका जोखिममा परिरहेका छन् । बाह्य जोखिमअन्तर्गत विकासका विभिन्न क्रियाकलापहरू, परम्परागत भूमिमाथि बाह्य तथा राज्यबाट भएको अतिक्रमण, युद्ध तथा द्वन्द्वका कारण भएको बसाइँसराइ, राजनीतिक हस्तक्षेप तथा गुटबन्दी, स्रोत तथा जैविक विविधताको अवैध चोरी निकासी वातावरणीय प्रदूषण, र प्राकृतिक विपत्तिहरू हुन् । आन्तरिक जोखिमका रूपमा शक्तिशाली सांस्कृतिक समूहको थिचोमिचो तथा संस्कृतीकरणको प्रभाव, आन्तरिक सामाजिक असमानता, स्रोतमाथि पर्दै गएको मानवीय चाप, सामाजिक अन्तरद्वन्द्व, परम्परागत ज्ञान र अनुभव लोपजस्ता कुराहरू पर्छन् ।

## संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा भएका प्रमुख आलोचनाहरू

नेपालका संरक्षित क्षेत्रहरू पाँच स्वरूपमा (राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्र) रहेका छन् । यी संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापन पद्धतिहरूमा केही परिमार्जन हुँदै आएको छ । राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, तथा सिकार आरक्षहरूको सन्दर्भमा मध्यवर्ती क्षेत्रको नीति अवलम्बन गरिनु त्यसैको एक उदाहरण हो । यद्यपि यी सम्पूर्ण संरक्षित क्षेत्रहरूबारे समग्रमा केही आलोचनाहरू यथावत् नै छन् । पहिलो आलोचना भनेको परम्परागत जीविकोपार्जनको अधिकारको विषय हो । नेपालका प्रायः संरक्षित क्षेत्रहरूको घोषणा तथा यसको आधुनिक संरक्षण तथा व्यवस्थापनका पद्धतिहरूले ती क्षेत्रवरिपरि रहेका आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको परम्परागत जीविकोपार्जनको अधिकार खोसिएको छ (Jana 2007; Jana 2008; Jana and Paudel 2010; Rai 2011) । दोस्रो, जैविक विविधताको संरक्षणमा अपेक्षाकृत उपलब्धिहरू हासिल हुन नसक्नु हो । संरक्षणका लागि सेना परिचालन गर्ने, कर्मचारीहरू खटाउने, बलियो घेराबन्दी गर्नेजस्ता अनेकौं प्रयासहरू हुँदाहुँदै एकातिर जंगली जनावरहरूको अवैध सिकार हुने क्रम घटेको छैन भने अर्कोतिर जंगली जनावर तथा जैविक विविधताको अपेक्षाअनुसारको वृद्धि पनि हुन सकेको छैन (Bhatt 2003; Ghimire 2009; CDO 2011; CDO 2011a and 2011b) । तेस्रो आलोचना मानवअधिकारको सुनिश्चितता हुन नसक्नु हो । धेरै जसो संरक्षित क्षेत्रमा स्थानीय समुदाय जंगली जनावरहरूको प्रत्यक्ष सिकार हुनुपर्ने, सुरक्षामा खटिएका सेनाको अमानवीय व्यवहार तथा ज्यादती बेहोर्नुपर्ने, सामान्य नागरिकको रूपमा पाउनुपर्ने आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकारहरू उपयोग गर्न नपाउनेजस्ता अवस्थाबाट पीडित छन् । चौथो बुँदा लोकतन्त्रको प्रत्याभूतिको विषय हो । संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापन पद्धतिहरूमा लोकतन्त्रको सामान्य सिद्धान्तहरूको पनि सुनिश्चितता हुन सकेको छैन । आफ्नो सरोकारका विषयहरूमा जनताले आफैंले निर्णय गर्न पाउने अधिकारको व्यवस्था हुनुको साटो सरकार वा एउटै कर्मचारीले संरक्षण तथा व्यवस्थापनका निर्णय गर्ने व्यवस्था विद्यमान छ । आलोचना पाँचौं सामाजिक समावेशीकरणको मुद्दा हो । विश्व समाजको वर्तमान बहसले हाम्रो समाजका सम्पूर्ण समुदाय, तह तथा वर्गका व्यक्तिहरूलाई नीति निर्माण तथा त्यसको कार्यान्वयनमा सहभागी गराउनुपर्ने आवश्यकता महसुस हुन थालेको छ । तर, नेपालका धेरैजसो संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापन पद्धतिमा समाजका सबै तह तथा समुदायको प्रतिनिधित्वको विषयलाई न त नितिगत रूपमा आवश्यक ठानिएको छ न त व्यावहारिक रूपमा नै (Bhatt 2003; Ghimire 2009; CDO 2011; CDO 2011a and 2011b) । यही सन्दर्भमा नेपालमा पनि आईसीसीएको बहस र छलफलका साथै यसको पहिचान तथा सशक्तीकरणको आवश्यकता खड्किन थालेको छ ।

## नेपालमा रैथाने संरक्षित पद्धति (आईसीसीए) कहाँ र कस्तो अवस्थामा छन् ?

नेपालमा केकति आईसीसीएहरू कहाँ र कुन अवस्थामा छन् भन्ने विषयमा गहन तथा बृहत् अध्ययन हुन सकेको छैन । यद्यपि केही प्रारम्भिक अध्ययनहरूले देखाएअनुसार आईसीसीए देशका धेरै ठाउँमा कुनै न

कुनै रूपमा अस्तित्वमा रहेका छन् । तिनीहरू विभिन्न आकार (साना, मझौला तथा ठूला), प्रकार (भूक्षेत्र, जलक्षेत्र, धार्मिक क्षेत्र, सांस्कृतिक क्षेत्र आदि) तथा विभिन्न स्वरूपहरूमा (ताल, पोखरी, वनजंगल, चरन क्षेत्र, धार्मिक स्थल आदि) मा रहेका छन् । कानुनी हिसाबले हेर्दा विभिन्न आकार, प्रकार तथा स्वरूपमा रहेका आईसीसीएहरूले पूर्णरूपमा वैधानिक मान्यता प्राप्त गर्न सकेका छैनन् । उनीहरूले आआफ्नो परम्परागत अभ्यासका आधारहरूमा आआफ्नो अस्तित्व बचाइराख्न सफल भए पनि वैधानिक मान्यताको अस्तित्व भने प्राप्त गर्न सकेका छैनन् । केही कानुनी आधारहरू बन्दै गए तापनि स्पष्ट रूपमा उनीहरूको अस्तित्वलाई स्वीकार गर्ने वा स्थापित गर्ने कानुन बन्न सकेका छैनन् (Jana and Paudel 2010; Paudel and Jana 2009; Rai 2011) ।

भौगोलिक क्षेत्रको हिसाबले आईसीसीएहरू हिमाल, पहाड तथा तराई सबैतिर नै अस्तित्वमा रहेको प्रारम्भिक अध्ययनहरूले देखाएका छन् । यी आईसीसीएहरू प्राय युगौंयुगदेखिको परम्परागत मूल्य, मान्यता, ज्ञान, अनुभव तथा अभ्यासहरूका आधारमा सञ्चालित छन् । स्थानको हिसाबले प्रायः आईसीसीएहरू आधुनिक संरक्षित क्षेत्रभित्र वा त्यसको वरिपरि रहेको कुरा पनि प्रारम्भिक अध्ययनले देखाएको छ । आधुनिक संरक्षित क्षेत्रभित्र तथा वरिपरि रहेका आईसीसीएहरू हुन् वा अन्य कुनै ठाउँका, ती सबै आफ्नो पहिचान तथा अस्तित्वका लागि संघर्षरत छन् । त्यसमा पनि आधुनिक संरक्षित क्षेत्रभित्रै रहेका आईसीसीएहरू आफ्नो अस्तित्वका लागि अझ बढी संकटमा छन् किनभने आधुनिक संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापनको नीति भनेको प्रशासन केन्द्रित छ जसले गर्दा आईसीसीएहरूका परम्परागत ज्ञान, अनुभव तथा अभ्यासहरू बढी संकटमा पर्दै गएका छन् । त्यस्तैगरी केही आईसीसीएहरू (खास गरी तराईका क्षेत्रहरूमा रहेका) बसाइँ सरी आएका समूह तथा वरिपरि रहेका समुदायको जनसंख्याको बढ्दो चापका कारण पनि संकटमा पर्दै गएका छन् (Jana and Paudel 2010; Rai 2011; IUCN/CEESP 2008) ।

विकास निर्माणका केही क्रियाकलाप पनि आईसीसीएका लागि चुनौती बनेका छन् किनभने धेरैजसो विकास निर्माणका काम आईसीसीएको परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूलाई समेट्ने तथा प्रोत्साहन गर्नेभन्दा बढी विकासवादी भएका कारण आईसीसीएहरू दोहारो मारमा पर्दै गएका छन् । परिणामस्वरूप उनीहरू न विकासको आधुनिक बाटोलाई अँगाल्न सकेका छन् न त आफ्नो परम्परागत अभ्यासका आधारबाट आर्थिक, राजनीतिक तथा सामाजिक, सांस्कृतिक हिसाबले सबल तथा सक्षम नै बन्न सकेका छन् । यद्यपि वैधानिक नीति निर्माणको स्पष्ट व्यवस्था नहुँदानहुँदै पनि आईसीसीए जोगाई राख्न भने सफल नै देखिन्छन् (Jana and Paudel 2010; Paudel and Jana 2009; Rai 2011; IUCN/CEESP 2008) ।

## कस्तो भूमिका खेलिरहेका छन् ?

नेपालमा रहेका यस्तै आईसीसीएहरूले आफ्नो अस्तित्वका लागि संघर्षमात्र होइन, अन्य थुप्रै खालका भूमिकाहरू पनि निर्वाह गरिरहेको कुरा प्रारम्भिक अध्ययनहरूले देखाएका छ । प्रथमतः नेपालका आईसीसीएहरूले प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षणमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । परम्परागत ज्ञान, सीप, अभ्यास, मूल्य तथा मान्यताहरूको आधारमा आफ्नो क्षेत्रहरूमा रहेका प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण गर्दै पर्यावरणीय सन्तुलन गर्ने काममा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । परम्परागत अभ्यासका माध्यमबाट कति ठाउँमा तालतलैयाको संरक्षण तथा व्यवस्थापन गरिरहेका छन् त कति ठाउँहरूमा पोखरी, चरन क्षेत्र, धार्मिक स्थल, वनजंगलहरूको संरक्षण तथा व्यवस्थापन गरिरहेका छन् । आईसीसीएका यी क्रियाकलापहरूले अन्ततः पर्यावरणीय सन्तुलनमात्रै हैन, वातावरणीय प्रदूषणलाई न्यूनीकरण गर्न पनि भूमिका खेलिरहेको छ (Jana and Paudel 2010; Paudel and Jana 2009; Rai 2011; IUCN/CEESP 2008) ।

दोस्रो, आईसीसीएहरूले आफ्नो परम्परागत जीविकोपार्जनका आधारहरूमा टेवा पनि पुऱ्याइरहेका छन् । उनीहरूले परम्परागत मूल्यमान्यताहरूलाई आधार मानी स्रोतको उपभोग गर्दै आएका छन् । उनीहरूका उपभोग गर्ने क्रियाकलापहरूले स्रोतको दीर्घकालीन संरक्षणलाई पनि ध्यान दिएका हुन्छन् । जस्तै : आईसीसीएहरूले चरनक्षेत्रको प्रयोग गर्दा परम्परागत नीतिनियम तथा मूल्यमान्यतालाई अक्षरशः पालना गर्छन् । त्यस्तै आईसीसीएहरूको स्रोतको उपभोग तथा बाँडफाँट

गर्ने विधि तथा अभ्यास पनि बढी न्यायिक तथा लोकतान्त्रिक हुने अध्ययनहरूले देखाएका छन् ।

आईसीसीएहरूको तेस्रो भूमिका भनेको आफ्नो सामाजिक, सांस्कृतिक तथा धार्मिक पहिचानको संरक्षण गर्ने भूमिका हो । नेपालमा रहेका धेरै आईसीसीएहरू सामुदायिक पहिचान जोगाउन सफल छन् । संरक्षणका परम्परागत अभ्यासहरू सामुदायिक रूपमा सञ्चालन गर्छन् जसले गर्दा उनीहरूको सामूहिक पहिचान पनि संरक्षण भइरहेको छ (Jana and Paudel 2010; Paudel and Jana 2009; Rai 2011; IUCN/CEESP 2008) ।

## किन आवश्यक छ ?

नेपालमा संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापनमा भएका कमीकमजोरी तथा अवस्था र भूमिकाहरूका बारेमा माथि चर्चा गरियो । यसको आधारमा के भन्न सकिन्छ भने नेपालका संरक्षित क्षेत्रहरूको दिगो व्यवस्थापन तथा संरक्षणका लागि आईसीसीएको पहिचान तथा सशक्तीकरण एउटा महत्वपूर्ण उपाय वा माध्यम बन्न सक्छ । आईसीसीएहरूको परम्परागत अभ्यास भनेको स्रोत तथा जैविक विविधताको विनाश होइन, संरक्षण गर्ने एकाइ वा कर्ताका रूपमा स्थापित हुनु हो । आईसीसीएहरूसँग जैविक विविधताको संरक्षण गर्ने परापूर्वकालदेखिको अनुभव, ज्ञान, सीप तथा अभ्यासहरूका साथै संरक्षण गर्ने तत्परता पनि छ । उनीहरूले संरक्षणमात्रै होइन, परम्परागत जीविकोपार्जनको अधिकार पनि त्यही संरक्षणको क्रियाकलापभित्रैबाट सुरक्षित गर्दै आएका छन् । त्यस्तै गरी आईसीसीएहरूले आर्थिकमात्रै नभई सामाजिक, सांस्कृतिक तथा राजनीतिक स्वशासन तथा पहिचानलाई पनि सँगसँगै सुरक्षित गर्दै ल्याएका छन् । यस कारण नेपालको संरक्षित क्षेत्रको सफलताको एउटा आयाम भनेको आईसीसीए नै हो भन्न सकिन्छ ।

विश्वव्यापी आर्थिक, राजनीतिक तथा सामाजिक परिवर्तनहरूले संरक्षित क्षेत्रको परिभाषा तथा व्यवस्थापनको बुझाइलाई पनि परिवर्तन गर्दै लगेका छन् । संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापन राज्यले मात्रै गर्छ भन्ने सीमित बुझाइ अहिले फराकिलो हुँदै आएको छ । वास्तवमा संरक्षणको काम भनेको राज्यले मात्रै होइन, सबै सरोकारवालासँगको सहयोग, सहभागिता तथा सहकार्यबाट मात्रै सम्भव छ भन्ने मान्यता स्थापित हुन थालेको छ । त्यस्तैगरी विश्वमा हाल मानवअधिकार, लोकतन्त्र तथा सामाजिक समावेशीकरणको विषय पनि संरक्षित क्षेत्रको व्यवस्थापनसँग जोडिन थालेको छ । यस कारण नेपालका संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनमा आईसीसीएहरूको पहिचान तथा सशक्तीकरणले बदलिँदो परिभाषा (मानवअधिकार, लोकतन्त्र तथा सामाजिक समावेशीकरणको मर्म) लाई पनि सम्मान गर्न मद्दत गर्छ ।

## अबको आवश्यकता के हो ?

आदिवासी तथा स्थानीय समुदायहरूले आफ्नो क्षेत्रको प्राकृतिक तथा जैविक विविधता संरक्षण राम्ररी गर्न सक्छन् भन्ने प्रशस्त उदाहरण हुँदाहुँदै पनि आधुनिक संरक्षित क्षेत्रहरूमा आईसीसीएहरूको महत्व तथा योगदानको कदर हुन सकेको छैन । केही नीति तथा कानुनहरूले आईसीसीएहरूको अस्तित्वलाई मद्दत पुऱ्याउने प्रयास गरेका भए पनि आधुनिक संरक्षणका धेरैजसो क्रियाकलापहरूले यिनीहरूको अधिकार तथा परम्परागत ज्ञान, सीप तथा अनुभवहरूलाई कुण्ठित पार्दै लैजाने काम बढी गरेका छन् । यही सन्दर्भमा नेपालमा आईसीसीएहरूका लागि निम्न कुराहरू गरिनुपर्ने देखिन्छ :

- **बृहत् नक्सांकन तथा अभिलेखीकरण :** देशमा केकति आईसीसीएहरू कहाँ र केकस्तो अवस्थामा छन् भन्ने कुराको तथ्यांक छैन । यसकारण देशभरि रहेका आईसीसीएहरूको वास्तविक तथ्यांक पत्ता लगाई विस्तृत जानकारीसहितको राष्ट्रिय अभिलेख तयार गर्नु नितान्त आवश्यक छ । यही तथ्यांकको आधारमा आईसीसीएहरूको आगामी बाटो तय गर्न सजिलो हुन्छ ।
- **राष्ट्रिय नीति, नियम तथा कानुनको व्यवस्था :** आईसीसीएहरूले युगौंदेखि परम्परागत मूल्य, मान्यता तथा अभ्यासहरूका आधारमा प्रकृति तथा जैविक विविधताहरूको संरक्षण गर्दै आएका छन् तर नेपालमा ती परम्परागत ज्ञान, सीप तथा अभ्यासहरूलाई मान्यता दिने स्पष्ट कानुनी व्यवस्थाको अभाव छ । यसका लागि अबका संविधान, कानुन तथा नीतिनियमहरूमा आईसीसीएहरूका बारेमा स्पष्ट व्यवस्था गरिनुपर्छ, जसले गर्दा उनीहरूका परम्परागत ज्ञान, सीप, अनुभव तथा अभ्यासहरूले मान्यता पाउन सक्छन् ।

- **राष्ट्रिय संयन्त्रको निर्माण :** नेपालमा आईसीसीएहरूका लागि नीतिगतमात्रै नभई व्यावहारिक समस्याहरू पनि छन् । यस्ता विषयहरूलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बहस तथा छलफल गरिनु आवश्यक छ । जसका लागि सम्पूर्ण आईसीसीएहरूको प्रतिनिधित्व गर्ने एक राष्ट्रिय संयन्त्र निर्माण गरिनु आवश्यक छ । यही संयन्त्रको माध्यमबाट अन्य सरोकारवालासँग आईसीसीएहरूले आवश्यक छलफल, बहस तथा अन्तर्क्रिया गर्न सक्छन् । यसैको माध्यमबाट स्वशासनको संरचनालाई संस्थागत गर्दै आधिकारिक पहिचान राख्न सक्छन् । यसैको माध्यमबाट आईसीसीएहरूले आन्तरिक सहकार्यलाई बलियो बनाउँदै बाह्य समुदायहरूसँगको सम्बन्ध तथा सहकार्यलाई पनि बढाउन सक्छन् ।
- **क्षमता अभिवृद्धि :** आईसीसीएहरू आफ्नो संस्थाको स्वमूल्यांकन तथा सुपरीवेक्षण गर्न सक्षम हुन जरुरी छ । यसका लागि उनीहरूको क्षमता अभिवृद्धि गरिनुपर्छ । यति मात्रै नभएर नेपालका आईसीसीएहरू संरक्षित क्षेत्रको राष्ट्रिय पद्धति, विधि तथा प्रक्रियाहरूका साथै आईसीसीएका अन्य बृहत् कुराहरूमा सजग तथा सचेत हुन आवश्यक छ । आईसीसीएहरूको व्यवस्थापनमा समानता, समता तथा सुशासनका साथै अन्य सरोकारवालासँग सहकार्यका विषयमा पनि सक्षमता आवश्यक छ जसले गर्दा आईसीसीएहरू आफ्नो संस्थालाई आफैंले बलियो तथा सक्षम बनाउन सक्छन् ।
- **सहकार्य :** कुनै पनि संस्था वा समूहको पछाडि अन्य सरोकारवालाको सहयोग तथा सहकार्य जोडिएको हुन्छ । हालसम्म नेपालका आईसीसीएहरूको पहिचान तथा सशक्तीकरणका लागि यथेष्ट सहयोग तथा सहकार्य हुन सकेको छैन । यसकारण आर्थिक तथा प्राविधिक रूपले नेपालका आईसीसीएहरूलाई निरन्तर सहयोग तथा उनीहरूसँग सहकार्य गरिएमा मात्र नेपालका संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनमा ठूलो मद्दत पुग्नेछ ।
- **सामाजिक तथा राजनीतिक वातावरण निर्माण :** आईसीसीएहरूको पहिचान तथा सशक्तीकरणका लागि राष्ट्रिय स्तरमा पनि उपयुक्त सामाजिक तथा राजनीतिक वातावरण निर्माण हुनुपर्छ । आईसीसीएहरूले संरक्षणको काममा खेल्दै आएका भूमिका तथा योगदानका बारेमा सकारात्मक सामाजिक तथा राजनीतिक वातावरण बन्न नसकेमा संरक्षणको काममा आईसीसीएहरूलाई न जोडेर हेर्न न त बुझ्न नै सकिन्छ ।

## सन्दर्भ सामाग्री


**Balasinorwala, T., Kothari, A. and Goyal, M.** 2004. Participatory Conservation: Paradigm Shifts in International Policy. IUCN, Gland-Switzerland; Cambridge, UK; and Kalpavriksh, India.

**Bhatt, N.** 2003. Kings as Wardens and Wardens as Kings: Post-Rana Ties between Nepali Royalty and National Park Qmaff. *Conservation and Society,* **1**(2): 247-268

**Borrini-Feyerabend, Kothari, A., Alcorn, J. et al*.** 2010. Strengthening What Works: Recognizing and Supporting the Conservation Achievements of Indigenous Peoples and Local Communities. IUCN/CEESP Briefing Note No 10, Teheran.

**CBD.** 1993. Convention on Biological Diversity. (www.cbd.int/convention/text), Accessed in July 2011.

**CBD.** 2008. Report of the Conference of the Parties of the Convention on Biological Diversity on the Work of its Ninth Meeting. Bonn.

**CDO.** 2011a. The Issues of Restructuring Bufer Zones. Community Decelopment Organization, Kathmandu.

**CDO.** 2011b. Democratization of Park and Wildlife Reserve: The Issue of Human Rights and Inclusion. Community Decelopment Organization, Kathmandu.

**Dudely, N.** 2008. Guidelines for Applying Protected Area Manjgement Categories. IUCN, Gland, Switzerland.

**Ghimire, S.** 2009. Contradiction, Contestation and Options in Conservation. In: Dhungana, H., Ghimire, S. and Adhikari, J. (Eds), Biodiversity and Livelihoods. Martin Chautari, Kathmandu.

**ILO.** 1998. Indigenous and Tribal Peoples Convention, 1989. The General Conference of the International Labour Organisation.

**IUCN/CEESP.** 2008. Recognizing and Supporting Indigenous and Community Conservation: Ideas and Experiences from the Grassroots. IUCN/CEESP Briefing Note pp 9-28.


* यस लेखमा योगदान पुऱ्याउने ४२ जना हुनुहुन्छ ।

**Jana, S.** 2007. Working Towards Environmental Justice: An Indigenous Fishing Minority's Movement in Chitwan National Park, Nepal. ICIMOD, Kathmandu, Nepal.

**Jana, S.** 2008. Protecting People in Protected Areas: Recapitulating Rights Campaign in Lowland Protected Areas of Nepal ( in Nepali). Kathmandu: Community Development Organization, Kathmandu.

**Jana, S. and Paudel, N. S.** 2010. Rediscovering Indigenous Peoples and Community Conserved Areas (ICCAs) in Nepal. ForestAction Nepal, Satdobato, Nepal.

**Kothari, A.** 2006. Community Conserved Areas: Towards Ecological and Livelihood Security. *Parks,* **16**(1): 3-13.

**Marrie, H.** 2004. Protected Areas and Indigenous and Local Communities. CBD Technical Series No 15, Secretariat of the Convention on Biological Diversity, Malaysia, pp 106-110.

**MoFSC.** 1973. National Parks and Wildlife Conservation Act, 1973. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 1993. Forest Act, 1993. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 1996. Buffer Zone Manjgement Regulation, 1996. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 2000. Forest Sector Policy. Ministry of Forest and Soil Conservation, Kathmandu. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 2002a. Leasehold Forest Policy, 2002. Ministry of Forest and Soil Conservation, Nepal Government, Kathmandu.

**MoFSC.** 2002b. Nepal Biodiversity Strategy, 2002. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 2003. National Wetland Policy, 2003. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 2008. Community Forestry Guideline, 2065. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 2009a. Nepal Biodiversity Strategy, 2009. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**MoFSC.** 2009b. Fourth National Report to Convention on Biological Diversity. Ministry of Forests and Soil Conservation, Government of Nepal.

**Pathak, N., Bhatt, S., Balasinorwala, T., Kothari, A. and Borrini-Feyrabend, G.** 2004. Community Conserved Areas: A Bold Frontier for Conservation. TILCEPA/IUCN, CENESTA, CMWG and WAMIP, Tehran.

**Paudel, N. S.** 2006. Protected Areas and Reproduction of Social Inequality. In: IUCN/CEESP, Policy Matters, Issue 14, pp 155-168.

**Pimbert, M. P. and Pretty, J.N.** 1995. Parks, People and Professionals: Putting `Participation' into Protected Area Manjgement. Discussion Paper No 57, February 1995. UNRISD, Geneva.

**Paudel, N. S. and Jana, S.** 2009. Indigenous and Community Conserved Areas: Relevance, Potentials and Initiatives in Nepal. Policy Brief, ForestAction Nepal, Sathdobato, Nepal.

**Rai, J. K.** 2011. Democratizing Conservation Areas in Nepal: Identification and Empowering of Indigenous Community Conserved Areas. Forest Action Nepal, Sathdobato, Nepal.

**UNDRIP.** 2007. United Nations Declaration on the Rights of Indigenous Peoples. Sixty-first Session, Agenda item 68, Report of the Human Rights Council.

**West, P., Igoe, J. and Brockington, D.** 2006. Parks and Peoples: The Social Impact of Protected Areas. *Annual Review of Anthropology*, **35**(251): 251-277.


●●●

---


* *राई फरेस्टएक्सन नेपालमा कार्यरत हुनुहुन्छ र त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागमा अध्यापन गराउँदै आउनु भएको छ।*